# मिति २०७५।८।२५ को वागमती नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु :

प्रस्ताव तथा निणर्यहरुः

प्रस्ताव नं.१ नगरसभामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२. खानेपानी उ.स.लाई अनुदान उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ३. लागत अनुमान डइंग, डिजाइन, गुरुयोजना तथा वित्तिय विश्लेषण स्वीकृत तथा ऋण अनुदान सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं ४. कृषि कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ५, कर्मचारी समायोजन सम्बन्धमा ।

प्रस्ताव नं.६, बर्थिंग सेन्टर अतिरिक्त समयको भत्ता सम्बन्धमा

प्रस्ताव नं. ७, समाजिक परिचालकको निरन्तरता सम्बन्धमा

प्रस्ताव नं ८, मासिक आय व्यय सम्बन्धमा

प्रस्ताव नं ९, अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ स्वीकृत सम्बन्धमा

निर्णयहरु :

निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा तपशिल बमोजमका प्रस्तावहरु नगरकार्यपालिकामा अनुमोदन गर्ने निर्णय गरियो तथा उक्त प्रस्तावहरु निर्णयको लागि नगरप्रमुखबाट मिति २०७५।९।५ को नगरसभा बैंठकमा पेश गर्ने निर्णय गरियो ।

नगरसभा बैठकमा पेश गर्ने प्रस्तावहरुको विवरण :

१.वागमती नगरपालिका नदी जन्य पदार्थ (ढुंगा , गिटी, वालुवा) उत्खनन, संकलन र विक्री वितरण सम्बन्धि वार्षिक कार्ययोजना आ.व. २०७५।७६( मिति २०७५।९।५ नगरकार्यपालिका बैठकबाट निर्णय भए बमोजिमको) सम्बन्धमा
२. बागमती नगर शिक्षा विद्येएक,२०७५ सम्बन्धमा
३. सम्पन्न भएका आयोजनाको फरफारक सम्बन्धमा
४. निर्णय समर्थन सम्बन्धमा
५. श्रोतान्तर र खर्च समर्थन सम्बन्धमा
६. सेवा करार सम्बन्धमा
७. बैठक भत्ता सम्बन्धमा

८. सल्लाहकार नियुक्ती सम्बन्धमा
९. जग्गगा प्राप्ति संम्बन्धमा
१०. कालोपत्रे सडक निर्माण सम्बन्धमा
११. कम्प्युटर वीलंग प्रणाली सम्बन्धमा

निणर्य नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समति , ढुंग्रेखोलालाई उपलब्ध गराइएको अनुदान रकम रु.८०००००( आठ लाख ) समर्थन गर्ने निर्णय गरियो ।

निर्णय न. ३, प्रस्ताव नं. ३. लागत अनुमान डइंग, डिजाइन, गुरु योजना ,वित्तिय विश्लेषण स्वीकृत तथा ऋण अनुदान सम्झौता सम्बन्धमा छलफल गर्दा बागमती नगरपालिका वडा नं. ११ मा प्रस्तावित वागमती फन पार्क एण्ड रिसोर्ट निर्माण सम्बन्धि आयोजनाको तयार भएको डइंग, डिजाइन, गुरुयोजना, वित्तिय विश्लेषण तथा लागत अनुमान रकम रु.२७,५६,७१,०४७८८ ( रु.सत्ताइस करोड छपन्न लाख एकहत्तर हजार सतचालिस पैसा अठासी ) स्वीकृत गर्ने र सो कागजातहरु पेश गरी लागत अनुमान बमोजिमको नगर विकास कोषको मापदण्ड बमोजिम ऋण तथा अनुदान सम्झौता गर्ने अधिकार नगर प्रमुख श्री भरत कुमार थापज्यूलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४, प्रस्ताव नं ४. कृषि कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा छलफल गर्दा वागमती नगरपालि, नगरकार्यपालिका कार्यालय,कृषिशाखाबाट तयार गरिएको कृषि कार्यक्रम अन्तर्गत नेपाल सरकार , कृषि तथा पशुपन्छि विकास मन्त्रालय सहभागिता : ६० प्रतिशत, नगरपालिका सहभागिता :२५ प्रतिशत र कृषक सहभागिता ( सहकारी संस्था मार्फत) : १५ प्रतिशत रहने गरी तपशिल बमोजिम बजेट व्यवस्थाको लागि नेपाल सरकार , कृषि तथा पशुपन्छि विकास मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| सि.नं | | Quantity | Rate, NRs | Total Cost, NRs |
|---|---|---|---|---|
| 1 | Collection center | 2 | 3000000 | 60,00,000 |
| 2 | Fish breeding center | 2 | 3500000 | 70,00,000 |
| 3 | Cooperative farming-seed production | 3 | 2500000 | 75,00,000 |
| 4 | Combine harvester and threshers | 5 | 4000000 | 2,00,00,000 |
| 5 | Milk collection and store system, equipment | 5 | 2000000 | 1,00,00,000 |
| 6 | Bee hives with bee colony | 100 | 15000 | 15,00,000 |
| 7 | Green house and poly house for seedlings | 5 | 2500000 | 1,25,00,000 |
| 8 | Miscellaneous | | | 25,00,000 |
| | **Total** | | | **6,70,00,000** |

निर्णय नं.५ ,प्रस्ताव नं. ५, कर्मचारी समायोजन सम्बन्धमा छलफल गर्दा विगत देखि स्थानीय निकायमा रही हाल स्थनीय तह सम्म पनि निरन्तर रुपमा सेवा गर्दै आएका स्थायी कर्मचारीहरुलाई तपशिल बमोजिम यस वागमती नगरपालिका नगरकार्यपालिका कार्यालयमा समयोजन गर्ने निर्णय गरीयो ।

तपशिल :

| सि.न. | कर्मचारीको नाम | साविक पद,सेवा र तह | समायोजन गरिएको पद, सेवा र तह |
|---|---|---|---|
| १. | श्री भिम बहादुर विश्वकर्मा | कार्यालय सहाक( खरिदार), प्रशासन, चौथो | कार्यालय सहायक ( खरिदार), प्रशासन, चौथो |
| २. | श्री सूर्य प्रसाद मैनाली | कार्यालय सहाक( खरिदार), प्रशासन, चौथो | कार्यालय सहायक ( खरिदार), प्रशासन, चौथो |
| ३. | श्री देवी वहादुर मगर | कार्यालय सहाक(खरिदार), प्रशासन, चौथो | कार्यालय सहायक ( खरिदार), प्रशासन, चौथो |
| ४. | श्री इन्द्र बहादुर राना मगर | कार्यालय सहाक( खरिदार), प्रशासन, तेस्रो | कार्यालय सहायक ( खरिदार), प्रशासन, तेस्रो |
| ५. | श्री भक्त बहादुर वाइवा | कार्यालय सहायोगी | कार्यालय सहयोगी |

निर्णय नं, ६, प्रस्ताव नं.६, बर्थिंग सेन्टर अतिरिक्त समयको भत्ता सम्बन्धमा छलफल गर्दा वर्थिंग सेन्टरमा कार्यरत स्थायी तथा करारका कर्मचारीहरुलाई साविक देखि नेपाल सरकारले उपलब्ध गराउंदै आएको अतिरिक्त समयमा खटेवापतको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७, प्रस्ताव नं. ७, शंकरपुर वडा कार्यालयमा रही कार्य गर्दै आउनु भएकी समाजिक परिचालिका डोल कुमारी भट्टराईको समाजिक परिचालिका सेवा मिति २०७५।४।१ देखि नै लागु हुने गरी सेवाशुल्क नगरपालिका स्रोतबाट व्यहोरिने गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय न. ८, प्रस्तव नं. ८, मासिक आय व्यय सम्बन्धमा छलफल गर्दा २०७५ श्रावाण, भाद्र, असोज, कात्तिक महिनाको मासिक आय व्यय यस नगरपालिकामा पेश भयो र सो को अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ९,प्रस्ताव नं ९, अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ स्वीकृत सम्बन्धमा छलफल गर्दा अपांगता परिचयपत्र वितरण प्रकृयालाई व्यवस्थित बनाउन 'अपांगता भएका व्यक्तिको परिचय - पत्र वितरण कार्यविधि,२०७५" स्वीकृत गर्ने निर्णय गरियो ॥